**अनुसूची- २**

**(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)**

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-२, संख्या-६, मिति-२०७५।०२।२१**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिका

## टोल विकास संस्था संचालन कार्यविधि, २०७५

**प्रस्तावनाः**

सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रर्वद्धन गर्न गाउँपालिका तथा नगरउन्मुख वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरि स्थानिय स्तरमा वडा समितिको मातहत तथा सहयोगिको रुपमा रहने गरि तिनै सस्थाहरुबाट सेवा सुविधाको पहुच बढाउन बान्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### १ संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **"टोल विकास संस्था संचालन कार्यविधि २०७५"** रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "टोल विकास संस्था" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ख) "टोल विकास संस्था कार्यसमिति" भन्नाले दफा ३ "क" बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ग) "साधारण सभा" भन्नाले टोल विकास संस्थाका प्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने साधारण सदस्य सहितको वार्षिक भेलालाई जनाउँदछ । सो शब्दले विषेश साधारण सभा र टोल भेला समेतलाई जनाउनेछ ।

घ) "सामुदायिक विकास अभियान" भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारीताका मुल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने बुझाउछ ।

ङ) "पूर्ण सरसफाइ उन्मुख अवस्था" भन्नाले सफा र स्वच्छ, पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउछ ।

च) "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्था बुझाउँछ ।

**२. उद्देश्य**

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

क) टोल वस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने ।

ख) टोलवासीहरुमा उद्यमसिलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रर्वधन गर्ने ।

ग) टोल वस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

घ) आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने ।

ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढवा दिने ।

च) वस्ती/टोल स्तरमा सबै संस्थाहरुको प्रवेशद्वारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट संचालन हुने विकास कार्यमा सहयोग गर्ने ।

छ) टोल विकास संस्थाहरुले सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मुल्याङ्कन प्रकियामा सहयोग पुऱ्याउने ।

ज) टोलका सदस्यहरुको गरिबीलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरि तिनिहरुको अभिलेख तयार गर्ने ।

झ) टोलको समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने ।

ञ) वातावरण र सरसफाई, बालमैत्री वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार उद्यमसिलता विकासका अभियान संचालन गर्ने ।

ट) टोल विकास संस्थामा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको संरक्षण संर्वद्धन गर्ने।

ठ) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने ।

ड) समाजमा विद्यमान विकृति, विसंगति, अन्ध विश्वासको अन्त्य गर्न सहयोग गर्ने र सामाजिक सद्भाव कायम गराउने ।

ढ) लागु पदार्थ, दुर्व्यसनको अन्त्य गर्ने/ गराउने ।

## ३. टोल विकास संस्थाको गठन

टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछः

क) गाउँपालिका क्षेत्रभित्रका वस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्यसमितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्दछ सो सम्भब नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

घ) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्ने (अनुसूची १) मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गनुपर्नेछ ।

## ४. दर्ता /सूचिकृत

टोल विकास संस्थाको दर्ता /सूचिकृत देहाय बमोजिम हुनेछः

क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई वडा समितिको सिफारिसमा गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई

गाउँपालिकामा  दर्ता सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमूना (अनुसूचि २) मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरि दर्ताका लागि निवेदन पेश गरेमा गाउँपालिकाले (अनुसुची ३) बमोजिमको टोल विकास संस्था दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा वडा समितिको सिफारिसमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्नेछ । दर्ता खारेज भएको ३० दिन भित्र सो स्थानमा नयाँ टोल विकास संस्था गठन गर्नु पर्नेछ ।

## ५. टोल विकास संस्थाको काम कर्तव्य र अधिकार :

टोल विकास संस्थाले आफनो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन्:

क) टोलमा धनि गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरि टोलको विकासको लागि सहजिकरण गर्ने ।

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजिकरण गर्ने ।

घ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

ङ) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

च) पूर्ण सरसफाई उन्मुख अवस्था, एच.आई.भि/एड्स, अन्धविश्वास, जातिय विभेद, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान  गरि सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क. अध्यावधिक गर्न सूचना अभिलेख गर्ने ।

ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने ।

ञ) आफनो वडा तथा टोललाई सामुदायिक विकास अभियान संग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, प्राङ्गगारिक खेती विस्तार, नश्ल सुधार, उद्यमशिलता बनाउने कार्यक्रमहरु संचालन गर्ने ।

ट) टोलमा भवन निर्माण मापदण्ड, समाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

ठ) टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

ड) गाउँपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ढ) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने । लेखा राख्ने र लेखा परिक्षण गराउने ।

ण) गाउँपालिकासँग भएको साझेदारी अनुसार अन्य कार्य गर्ने ।

त) समाजमा विद्यमान विकृति, विसंगति, अन्ध विश्वासको अन्त्य गर्न सहयोग गर्ने र सामाजिक सद्भाव कायम गराउने ।

थ) लागु पदार्थ, दुर्व्यसनको अन्त्य गर्ने/गराउने ।

## ६. टोल विकास कार्य समितिको बैठक

टोल विकास कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

- क) टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवम् समन्वयका लागि टोल विकास संस्थाको कार्यसमितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।
- ख) समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका प्रतिनिधि एवं सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ ।
- ग) सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।
- घ) टोलभेला वा साधारण सभा वा विषेश साधारण सभा संचालन गर्दा तत्काल कायम रहेको सम्पुर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई उपस्थितिमा प्रमाणित भएको हुनपर्नेछ ।

## ७. सस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार:

संस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

### क) अध्यक्षको काम, कर्तव्य र अधिकार

१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने
४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६) सचिव र कोषाध्यक्षलाई आवश्यक अनुसार सहयोग पुऱ्याउने ।
७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानहरुको सुरक्षाको प्रवन्ध मिलाउने ।
८) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।
९) विशेष बैठकहरुको आवश्यक्ता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।
१०) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
११) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

### ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

१) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने काम गर्ने ।
२) कार्य विधिले तोकेको अन्य काम गर्ने ।

### ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
२) एक तिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
३) बैठक पुस्तिकामा उपस्थिती गराउने ।
४) छलफलको प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित

गराउने ।

५) संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने

६) तोकिएको अन्य कार्य गर्ने ।

**घ) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१) संस्थाले गरेको आर्थिक कारोबारको लेखा परिक्षण गराउने ।

२) बैकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।

३) अन्य सदस्यहरु संग समन्वय राखी सहयोग लिने दिने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षण गर्ने ।

**ङ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१) गाउँपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२) संस्थाको हिसावकिताव जाँच गर्ने ।

३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।

४) संस्था संचालनका लागि आवश्यकता अनुसार नीति, नियमहरु वनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

५) आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

६) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

७) तोकिएका अन्य कार्यहरु गर्ने ।

## ८. आर्थिक व्यवस्थापन

संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

### (१) टोल विकास संस्थाको आम्दानी

क) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

ख) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

ग) टोल विकास संस्थाको नाफाबाट प्राप्त समितिको निर्णयानुसार प्राप्त हुने रकम ।

घ) संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

### (२) खर्च प्रणाली

क) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ ।

ख) संस्थाको संचालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति अनुसार खर्च हुनेछ ।

### (३) नाफा

क) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

ख) नाफाको कम्तिमा २ प्रतिशत रकम टोलको पूर्वाधार र सामाजिक क्षेत्रको विकासका लागि खर्च गर्नु पर्नेछ ।

**(४) लेखा व्यवस्थापन**

संस्थाको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण संस्थाको संचालन तथा व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

ग) लेखा परिक्षण गराउनु अघि अनिवार्य सामाजिक परिक्षण गराउनु पर्नेछ ।

**(५) लेखा परिक्षण**

संस्थाको लेखा परिक्षण देहाय बमोजिम हुनेछ ।

क) संस्थाले नियुक्त गरेको लेखापरिक्षकबाट लेखापरिक्षण गराउनु पर्नेछ ।

ख) संस्थाले आफनो वार्षिक लेखा परिक्षणको प्रतिवेदन गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

**९. पुरस्कार, सम्मान र कदर**

टोल विकास संस्थाका व्यक्ति वा संस्था आदिलाई समुदायको विकासमा उत्कृष्ट कार्य गर्नेलाइ वडा समिति वा गाउँपालिकाले सम्मान एवं पुरस्कृत गर्न सकिनेछ ।

**१०. अनुगमन तथा मूल्यांकंन**

क) वडा समितिले आफ्नो क्षेत्र भित्रका टोल विकास संस्थाको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि सुझावहरु दिन सक्नेछ ।

ख) गाउँपालिकाले समग्र गाउँपालिकाको क्षेत्र भित्रको टोल विकास संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थाहरुलाई पृष्ठपोषण गर्न सक्नेछ ।

**११. संसोधन** : यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

**१२. बचाउ तथा खारेजी** : यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# अनुसूची - १

............................ टोल विकास संस्थाको विधानको नमूना

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप, साधन, स्रोत तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँपालिका भित्रको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकास गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान, सहभागितामुलक योजना तर्जुमा गर्ने तथा आफनो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो .. ....................... टोल विकास संस्थाका स्थापना गरी संचालन गर्न वान्छनिय भएकोले यो विधान बनाईएको छ।

## १. प्रारम्भिक :

संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान .................... टोल विकास संस्थाको विधान हुनेछ।

(ख) यो संस्थाको नाम ............. हुनेछ।

(ग) यो विधान ........................ टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(घ) यस संस्थाको कार्यालय .............. मा हुनेछ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व ................

पश्चिम.......................

उत्तर ...................

दक्षिण ........................

## २. परिभाषा :

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. "संस्था" भन्नाले ................ टोल विकास संस्थालाई सम्झनु पर्दछ।

२. "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ।

३. "साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यको भेलालाई सम्झनु पर्दछ।

४. "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्दछ।

५. "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ।

६. "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई सम्झनु पर्दछ।

## ३. संगठित संस्था हुने :

क) संस्थाको आफनै छुटै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ।

## ४. संस्थाको उद्देश्यहरु :

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका ब्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रम संचालन गरी गरिबी न्यूनिकरणमा मद्दत पुऱ्याउने ।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको ब्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

घ) संस्थाहरुलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा सक्रिय सहभागित बनाउने ।

ङ) टोल भित्र जातिय विभेद, विकृति, विसंगति, लागु पदार्थ तथा अन्य सामाजिक समस्याहरुको अन्त्यको लागि काम गर्ने ।

## ५. टोल विकास कार्य समितिको गठन :

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) गाउँपालिका क्षेत्रभित्रका वस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्यसमितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्दछ सो सम्भन नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

घ) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्ने (अनुसूची १) मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गनुपर्नेछ ।

## ६. संस्थाको कार्यहरु :

टोल विकास संस्थाको कार्यहरु देहाय बमोजिम हुनेछन् ।

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

२. संस्थाको सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने सोहि बमोजिमको कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आईपरेको समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सृजना गर्ने ।

४. उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह वहु विवाह जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाको सदस्यहरुलाई चेतना अभिबृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक संस्थामा बृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरण मैत्री बनाउने विविध कार्यक्रमहरु संचालन गर्ने ।

८. टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका समाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

९. वातावरण मैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिकालाई सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित गाउँ, उज्यालो सहर, सफा शहर र सम्पन्न तथा सम्भ शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापद डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१४. टोलमा रहेको सार्वजनिक, पर्ति, एलानी आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१५. संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

१६. गाउँपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१७. गाउँपालिका संग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

१८. समाजमा विद्यमान विकृति, विसंगति, अन्ध विश्वासको अन्त्य गर्न सहयोग गर्ने र सामाजिक सद्भाव कायम गराउने ।

१९. लागु पदार्थ, दुर्व्यसनको अन्त्य गर्ने/ गराउने ।

## ७. सदस्यता

संस्थाको सदस्यता देहाय बमोजिम हुनेछ :

क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानिय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

ख) सदस्य बन्ने इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमासदस्यता प्रदान गरिनेछ ।

८. **सदस्यता नरहने:** देहाय अवस्थामा सदस्य रहने छैन ।

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।
तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गेर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यबाट हटाउने निर्णय गरेमा ।

तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा ।

९. **संस्था गठन एवं कार्य संचालन गर्ने विधि**

संस्थाको गठन एंव कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोलभित्र बसोवास गर्ने अधिकाशं घरधूरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख) टोल विकास संस्था गठन गर्दा उपस्थित भएको व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा आधारमा एक - एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधूरीहरु सदस्य हुनेछन् ।

ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य हुनेछन् । अध्यक्ष, उपाध्यक्ष कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा २ जना महिला हुनेछ ।

१०. **सस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकारः संस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने
४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६) सचिव र कोषाध्यक्षलाई आवश्यक अनुसार सहयोग पुऱ्याउने ।
७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानहरुको सुरक्षाको प्रवन्ध मिलाउने ।
८) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।

९)	विशेष बैठकहरुको आवश्यक्ता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।
१०)	विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
११)	कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**ख)	उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

१)	अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने काम गर्ने ।
२)	कार्य विधिले तोकेको अन्य काम गर्ने ।

**ग)	संस्थाको सचिवको काम, कर्तव्य र अधिकार**

१)	अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
२)	एक तिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
३)	बैठक पुस्तिकामा उपस्थिती गराउने ।
४)	छलफलको प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।
५)	संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने
६)	तोकिएको अन्य कार्य गर्ने ।

**घ)	संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१)	संस्थाले गरेको आर्थिक कारोबारको लेखा परिक्षण गराउने ।
२)	बैकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।
३)	अन्य सदस्यहरु संग समन्वय राखी सहयोग लिने दिने ।
४)	संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षण गर्ने ।

**ङ)	संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१)	गाउँपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गनुपर्ने कामहरु गर्ने ।
२)	संस्थाको हिसावकिताव जाँच गर्ने ।
३)	संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।
४)	संस्था संचालनका लागि आवश्यकता अनुसार नीति, नियमहरु वनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
५)	आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
६)	बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
७)	तोकिएका अन्य कार्यहरु गर्ने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

१)	संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।
२)	संस्थाको साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको

अनुपस्थितीमा निजको उपाध्यक्ष र निजको पनि अनुपस्थितीमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

३) साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तब्य र अधिकारः**

साधारण सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

१. संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेस भएका विषयमा सल्लाह दिने,
२. लेखापरीक्षक नियुक्ति गर्ने ।
३. संस्थाको लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।
४. कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
५. कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
६. संस्थाको विधान संशोधन गर्ने ।
७. आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।
८. संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था**

१. संस्थाको देहायबमोजीम आर्थिक स्रोत हुनेछ

क. सदस्यता बाट प्राप्त सुल्क ।
ख. सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
ग. संस्थाको कृयाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
घ. अन्य आम्दानी ।

२. प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।
३. संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पतिको परिचालन र प्रयोग तोकीएबमोजीम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा**

१. समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन ।
२. अध्यक्षले आफनो राजीनामा उपाध्यक्ष मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजीम हुनेछ ।

**१५. कार्य समितिलाई अविस्वासको प्रस्ताव**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविस्वास लागे यथोचित कारण देखाई संस्थाका ६०% सदस्यहरुले विशेष साधारणसभा राखी अविस्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविस्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा

सर्वसम्मतलाई  बढी जोड दिईनेछ ।

## १६. विविध

१. विधान संसोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले बिधान संशोधन हुनेछ ।

२. प्रचलित ऐन, नियमहरुसंग बाभ्कीएका बुंदाहरु हदसम्म स्वत खारेज हुनेछ ।

अनुसूची-२

## टोल विकास संस्था दर्ता गर्ने निवेदनको नमूना

मिति-……………..

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउपुर, पर्वत

विषयः- **टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्वारा संचालित वडा नं. ………..को …………………………… टोलमा गठन गरिएको …………………………टोल विकास संस्थालाई मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता सुचिकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस …………………टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सिमित रहनेछ ।

पुर्व सिमाना ………………

पश्चिम सिमाना …………..

उत्तर सिमाना ……………..

दक्षिण सिमाना …………..

निवेदक

……………………

टोल विकास संस्थाको नामः ......................................

ठेगाना : .........................................

पदाधिकारीहरुको नाम ठेगाना

| क्र.स. | पद | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सचिव | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

**अनुसूची ३**

**टोल विकास संस्थालाई दिने प्रमाण पत्रको नमुना**

# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देउपुर, पर्वत

४ नं. प्रदेश, नेपाल

**प्रमाण-पत्र**

मोदी गाउँपालिका वडा नं..............स्थित.....................................मा गठन भएको ................................................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति .................................लमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पुर्वाधार, सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गर्दछु ।

...................................
प्रमुख प्रशासकिय अधिकृत

**प्रमाणिकरण मितिः २०७५।०२।२१**

**आज्ञाले,**
**कुमान सिंह गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**